# आशिषीत् र फलिफापको जीवन

A Study by Franklin

यो अध्ययनको उद्देश्य चाहिँ हामीले हाम्रो स्वर्गिय पिता र प्रभु येशू ख्रीष्टलाई खुशी पार्न हामी कसरी हाम्रो जीवन जीउन सक्छौं भन्ने बुझ्नु हो, जसले हामीलाई धेरै आशिष्हरु पाउन, उहाँको कृपामा जीउन , र प्रशस्तताको जीवनको आन्नद लिने ठाउँमा ल्याउदछँ ।

भजनसंग्रह ३:८ छुटकारा परमप्रभुबाट आउँछ, तपाईंको आशीर्वाद (एक वचन) तपाईंका प्रजामाथि रहोस् ! सेला ।

- सबैभन्दा महान् आशिष् चाहिँ उद्दारको आशिष् हो जुन उहाँ माथि विश्वास गर्ने सबैलाई सितैंमा दिइएको छ ।

रोमी ४: ६–८ दाउदले **आशिष्** (एक वचन) को बारेमा कुरा गर्दछन् जो **कर्महरुविना** परमेश्वरले धर्मी ठहराउनुहुने मानिसलाई दाऊद पनि धन्यको मान्दछन्ः (७) “**धन्य** हुन् तिनीहरू जसका पाप क्षमा भएका छन्, जसका पाप धोइएका छन् । (८) **धन्य** हो त्यो मानिस **जसको पापको लेखा परमेश्वरले कहिल्यै गर्नुहुन्न** ।”

- यो अध्ययन चाहीँ उद्दारको आशिष्को बारेमा **होईन** ।

यो अध्ययन चाहीँ वास्तविक र महान् उद्दारको आशिष् भन्दा परको आशिष्हरुको बारेमा हो – हितोपदेश १०:६ धर्मात्माको शिरमाथि **आशिष्हरु**को (बहु वचन) मुकुट रहन्छ ।

हितोपदेश १०:२२ परमेश्वरको **आशिष्ले धन सम्पत्ति** ल्याउँछ , अनि उहाँले त्यसमाथि दुःख थप्नुहुन्न ।

हितोपदेश १६:७ जब मानिसका मार्गहरु (उसले जे गर्छ र जसरी उसले आफ्नो जीवन जीउछँ) **परमप्रभुलाई मन पर्ने** हुन्छन् , उहाँले त्यसका शत्रुहरुलाई समेत त्यससँग मिलापमा राख्नुहुन्छ ।

- उहाँले आफ्नो शत्रुलाई पनि आफुसँग शान्तिमा राख्नुहुन्छ । परमेश्वरले उहाँको निगाह सबैलाई दिनुहुन्छ । प्राय सबै उहाँप्रति राम्रो छन् ।

- "पेन्तिकोसको दिन" पछि पहिलेका मण्डली...एकै साथ खुशी र शुद्ध हृदयले मिलीजली, र परमेश्वरको प्रशंसा गर्दै, र **सबै मानिसहरुलाई शुभेच्छा पाउँदै** बस्थे । प्रेरित २:४६-४७

- यद्यपी , हामी मानिसहरुलाई खुशी पार्न खोजीरहेका छैनौँ । के म **मानिसहरुको निगाह खोज्दैछु , कि परमेश्वरको** ? अथवा के मैले मानिसहरुलाई खुशी पार्न खोज्दैछु ? यदि मैले अझै मानिसहरुलाई खशी पार्न कोशिश गरेको भए **म ख्रीष्टको दास हुनेथिइनँ** । गलाती १:१०

सबैथोक भन्दा ज्यादा **प्रभु येशू ख्रीष्टलाई खुशी पार्ने** इच्छा राख्नु नै आशिषीत् र फलिफापको जीवन जीउने साँचो हो ।

- मरियम... तिमीले परमेश्वरबाट **निगाह** प्राप्त गरेकी छौं । लूका १:३०

- दाउदले परमेश्वरको दृष्टिमा **निगाह** प्राप्त गरेका थिए । प्रेरित ७:४६

- अनि येशू **बुद्धिमा , कदमा र परमेश्वर र मानिसहरुको अनुग्रह**मा बढ्दैजानुभयो । लूका २:५२ हामीले पनि यस्तै गर्नुपर्दछ ।

- **यदि हामी सबैले येशूले भन्नुभएको जस्तै भन्न सक्यौ भने राम्रो हुने थियो** : मलाई पठाउनुहुने **मसँग** हुनुहुन्छ । उहाँले मलाई एकलै छोड्नुभएको छैन , **किनभने म सधैँ उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु** । यूहन्ना ८:२९

- हरेक साचोँ विश्वासीहरुसँग प्रभु हुनुहुन्छ : उहाँले भन्नुभयो , म तिमीहरुलाई कुनै रीतिले छोड्नेछैनँ , म तिमीहरुलाई त्याग्नेछैनँ । (हिब्रू १३:५) । यद्यपी , यदि तपाईले उहाँलाई **मन पर्ने जीवन जीउन चुनाव गर्नुभएन** भने , तपाईले उहाँको धेरै आशिष्हरुलाई प्राप्त गर्न र ति आशिष्हरुलाई उपभोग गर्नसक्नुहुनेछैन ।

- **"परमेश्वरलाई मन पर्ने" जीवन जीउनेहरुलाई** उहाँको उपस्थीतिद्वारा **उहाँले आफ्नो कृपा र आशिष्हरु** देखाउनुहुन्छ ।

प्रभुलाई प्रेम गर्नु र खोज्नु चाहिँ उहाँलाई एकदमै मन पर्छ

- हिब्रू ११:६ **विश्वास बिना परमेश्वरलाई प्रसन्न** पार्नु असम्भव छ । किनकी जो परमेश्वरको नजीक आउँछ , त्यसले परमेश्वर हुनुहुन्छ र **उहाँलाई खोज्नेहरुलाई** उहाँले **प्रतिफल** दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।

- भजनसंग्रह ३४:१० **परमप्रभुलाई खोजी** गर्नेहरुलाई **कुनै उत्तम कुराको** अभाव हुँदैन ।
- परमेश्वरसँगको बढ्दो **सम्बन्ध**लाई खोज्न बढ्दो **प्रार्थना**मय जीवन हुनुपर्दछ । मत्ती ६:६ प्रार्थना ... तपाईलाई इनाम दिनुहुनेछ ।

- मत्ती ६:३३ **पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर , र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।**

  - यहाँ जो "चिजहरु" वा "आशिष्हरु बताइएको छ" ति खाना , लत्ता कपडा र घर हुन् ।

  - उहाँको राज्य पहिले खोज्नलाई तपाईले आफ्नो जीवनमा **येशू**लाई **पहिलो प्राथमिकता** दिनु पर्दछ र उहाँलाई तपाईको जीवनको **राजा** बनाई उहाँको **आज्ञापालन गर्न र उहाँको सेवा**गर्न लागि पर्नुपर्दछ ।

  - पहिले धार्मिकतालाई खोजी गर्नु चाहिँ तपाईसँग तपाईको आफ्नो धार्मिकता छैन र कहिल्यै पनि हुनेछैन , तर हामी पूर्णरुपमा दुष्ट छौ र **उहाँको धार्मिकताको** खाचोँमा छौ भन्ने महशुस हुनु हो ।

    रोमी ३:२२-२४ येशू ख्रीष्टमा **विश्वास** गर्ने सबैमाथि **परमेश्वरको धार्मिकता** विश्वासद्वारा प्रकट भएको छ । ...परमेश्वरका अनुग्रहको

बरदानले **ख्रीष्ट येशूमा भएको उद्दारबाट** तिनीहरु **सित्तैंमा** धर्मी ठहरिएका छन् ।

- हितोपदेश ८:१७-२१ **मलाई प्रेम गर्नेहरुलाई** म प्रेम गर्छु , **मलाई खोज्नेहरु**ले मलाई भेट्टाउँछन् । (१८) **मसँग वैभव र आदर** , टिक्ने **धन दौलत र समृद्धि** छन् । (१९) मेरो फल निखुर सुनभन्दा उच्च छ । जे म उत्पादन गर्छु , त्यसले असल चाँदीलाई उछिनिदिन्छ । (२०) **म धार्मिकताको** बाटो र **न्याय**को मार्गमा **हिँड्छु** । (२१) **मलाई प्रेम गर्नेहरुलाई म धन दौलतले** भरिपूर्ण पार्छु , र **म तिनीहरुका भण्डार भरिदिनेछु** ।
  - उहाँलाई खुरन्धार खोज्न तपाईले **उहाँले हिड्ने मार्गमा हिड्नुनैपर्दछ** । धन , सम्मान र सम्पत्ती उहाँसँग छन् । धार्मिकताको मार्गमा , न्यायको मार्गमा **उहाँलाई खोज्नुहोस् र उहाँसँग हिड्नुहोस् ।**

**एफिसी ५:८** किनकी एक पल्ट तिमीहरु अन्धकार थियौ , तर अब प्रभुमा **तिमीहरु उज्यालो** भयौ । **ज्योतीका सन्तानझैं हिँड्डुल गर** ।

- यूहन्ना ८:१२ येशूले भन्नुभयो, म संसारको ज्योति हुँ । **मलाई पछयाउने** अन्धकारमा **हिड्डुल गर्नेछैन** , तर त्यसले **जीवनको ज्योति** पाउनेछ ।
  (यूहन्ना १:४-५)

- एक विश्‍वासी भएको कारण **तपाई संसारको मार्गहरुमा हिड्नुहुदैन** । तपाई “ज्योतीका सन्तान” हुनुहुन्छ (यूहन्ना १२:३६) र तपाईले यस संसार र यस संसारका मार्गहरुको अन्धकारमा उज्यालो ल्याउने जीवन जीउनु पर्छ । **यहि नै परमेश्‍वरलाई मन पर्छ** ।

(९) किनकी सबै भलाइ , धार्मिकता र सत्यतामा नै ज्योतीको **फल** पाइन्छ , (१०) र **प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोशिश गर** ।

- यदि तपाई ज्योतीमा हिड्नुभयो भने तपाईले गर्ने सबै काम “राम्रो” , “सहि” र “इमान्दार” हुनेछ ।

- तपाई "परमेश्वरलाई **मन पर्ने**" मार्गमा हिड्नुहुनेछ र परमेश्वरको **निगाह** र **आशिष्हरु** पाउन योग्यको बन्नुहुनेछ ।

(११) **अन्धकारका निष्फल कार्यहरुमा भाग नलेओ , बरु तिनलाई प्रकट गरिदेओ ।**

- उनिहरुले जे गर्छ त्यो **नगरेर** उनिहरुलाई प्रकट गराउनुहोस् , तर प्रभु येशू ख्रीष्टलाई **मन पर्ने मात्र गर्नुपर्दछ** । मत्ती ५:१४–१६ तुलना गर्नुहोस् यूहन्ना १:५

(१२) किनकी तिनीहरुले गुप्तमा गरेका कामहरुका विषयमा **भन्नु** पनि शर्मको कुरा हो । (१३) तर **ज्योतिद्वारा कुनै कुरा प्रकट गरिँदा त्यो प्रष्टै देखिन्छ**, त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो ।

- म तपाईहरुले यो पद **सधैँ** याद गर्नुहोस् भनि सुझाब दिदँछु :

**गन्ती ३२:२३** **...तिमीहरुको पापले अवश्य तिमीहरुलाई फेला पार्नेछ ।**

(१४) त्यसैले यसो भनिएको छ : "ए निद्रामा परेकाहरु , जाग र मरेकाहरुबाट उठ , र ख्रीष्टले तिमीहरुलाई **प्रकाश** दिनुहुनेछ ।"

- "जाग्नुहोस्", मरेको जीवन शैलीबाट उठ्नुहोस् , र परमेश्वरको **निगाह र आशिष्हरु** "तपाईमा चम्कनेछ ।"

  हितोपदेश ४:१८ धर्मीहरुको चाल प्रभातको प्रथम चमकजस्तै हो , त्यो मध्यदिन नहोउञ्जेल **झन् – झन् चहकिलो** हुँदैजान्छ ।

  यसको बद्लीमा पापीको बाटो चाहिँ रातको अन्धकार जस्तो हो जो झन् झन् अन्धकार हुदैँजान्छ ।

(१५) यसैले **कसरी हिँड्छौ ध्यानसँग हेर** – निर्बुद्धि मानिस जस्तो होइन, तर **बुद्धिमान् जस्तो** । (१६) समयको पूरा सदुपयोग गर, **किनकी दिन खराब छ ।** (१७) **यसैकारण मूर्ख नहोओ**, तर **प्रभुको इच्छा के छ, सो बुझ** ।

- “परमेश्वरको इच्छा” लुकेको छैन । यो बाइबलमा स्पष्टसँग छापिएको छ , हरेक भाषामा , ताकि **जो कोही** परमेश्वरको इच्छा जान्ने **चाहाना गर्दछ** उनिहरुले सजिलै जान्न सकोेस् ।

- मोशामा “परमेश्वरको इच्छा जान्ने” धेरै चाहाना थियो र यसरी प्रार्थना गरे : अब त्यसैले , म तपाईलाई प्रार्थना गर्दछु , यदि मैले तपाईको आखाँमा निगाह पाएको छु भने , मलाई तपाई मार्गहरु जन्न दिनुहोस् तब **म तपाईलाई जान्न सकौं** ।

धर्मशास्त्रलाई अध्ययन गर्दा , तपाईले खालि परमेश्वरको इच्छा – उहाँको मार्गहरु – र **उहाँको निगाह**लाई मात्र पत्ता लगाउने होईन तर उहाँले तपाईलाई **उहाँ स्वंम् र उहाँको महिमा**को **बढ्दो प्रकाश** दिनुहुनेछ ।

मोशाले भने , “म तपाईलाई प्रार्थना गर्छु , मलाई तपाईको महिमा देखाउनुहोस् ।” १९ र परमेश्वरले भन्नुभयो , म स्वम्ले नै मेरा सबै **भलाइ**हरु तेरो अघि ल्याउनेछु , र तेरो अगाडि **परमेश्वरको नामको घोषणा** गर्नेछु ।

उनको निरन्तर अनुसरणमा , परमेश्वरले मोशालाई उहाँको महिमा प्रकट गर्नुभयो । र उहाँले तपाईलाई पनि त्यस्तै गर्नुहुनेछ ।

गन्ती १४:२०–२१ तब परमप्रभुले भन्नुभयो , . . . तापनि , जस्तो म जीवित छु , मेरो महिमाले पुरै पृथ्वी भरिएको छ . . .

सम्पूर्ण पृथ्वी उहाँको महिमाले भरिएको छ । र हरेक झाडिले परमेश्वरको महिमा देखाउछ । तर जसको आखाँ छ त्यसले मात्र हेर्नको निम्ती आफ्नो जुत्ता खोल्दछ । बाकिँ रहेकाहरु बसेर कालो बयरहरु खान्छन् ।
एलिजाबेथ ब्यारेट ब्रोनिङ

उहाँको वचनलाई जान्नु र आज्ञापालन गर्नु नै परमप्रभुलाई खुशी पार्नु हो ।

- भजनसंग्रह १:१–३ **धन्य** हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूका मार्गमा खडा हुँदैन, जो गिल्ला गर्नेहरूका बैठकमा बस्दैन । (२) तर **परमप्रभुको व्यवस्थामा नै त्यो प्रसन्न रहन्छ**, र दिनरात त्यसले उहाँकै व्यवस्थामा नै ध्यान दिन्छ । (३) खोलाको किनारमा रोपेको बोटजस्तै त्यो हुन्छ, जसले **आफ्नो ऋतुमा फल दिन्छ**, अनि जसको पात कहिल्यै **ओइलाउँदैन, त्यसले जे गर्छ, त्यसमा त्यो सफल हुन्छ** ।

- हितोपदेश ३:१–४ हे मेरो छोरो , **मेरो शिक्षालाई नभुल्** , तर **मेरा आज्ञाहरु आफ्नो हृदयमा लुकाइराख्** । (२) किनभने तिनले तँलाई **दीर्घायु** बनाउनेछन् र तेरो लागि **सम्पन्नता ल्याउनेछन्** । (३) **प्रेम र विश्वासयोग्यताले** तँलाई कहिल्यै **नछोड्न्** , **ती** तैंले आफ्नो गलामा **बधिराख्, आफ्नो** हृदयको पाटिमा **लेखिराख्** । (४) तब परमेश्वर र मानिसको दृष्टिमा तैंले **निगाह** पाउनेछस् र **असल नाउँ** कमाउनेछस् ।

- हितोपदेश ४:२०–२३ हे मेरो छोरो , **मेरो कुरामा ध्यान दे** (संसारको होइन) , मेरा वचनहरु राम्ररी सुन् । (२१) ती तेरो **नजरबाट उम्केर जान नदे , ती तेरो हृदय भित्र राखिछोड्** । (२२) किनभने मेरो वचन पाउनेको निम्ति **त्यो जीवन** हो , र **त्यसको सारा शरीरको निम्ति स्वास्थ** हो । (२३) **सबै कुरा भन्दा बडी , आफ्नो हृदयलाई सुरक्षित राख्** , किनभने **त्यो सारा जीवनको मूल** हो ।

- हितोपदेश ८:३२–९:१ अब हे मेरा छोरा हो , मेरो कुरा सुन , तिनीहरु **धन्य** हुन् , **जसले मेरा मार्गहरु अपनाउँछन्** । (३३) मेरो अर्ति सुन र बुद्धिमान् होओ , **त्यसको बेवास्ता नगर** । (३४) त्यही मानिस **सुखी** हो , जसले **मेरो वचन सुन्छ** , जो दिनहुँ मेरो ढोकामा **नियालेर हेर्दै** , मेरो ढोकानेर **पर्खिरहन्छ** । (३५) किनभने जसले **मलाई भेट्टाउँछ** , त्यसले जीवन पाउँछ , र परमप्रभुको **निगाह** प्राप्त गर्छ । (३६) तर **जसले मलाई भेट्टाउन चुक्छ , त्यसले आफैलाई नोक्सानी गर्छ** । मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ ।

- यूहन्ना १५:७–११ यदि तिमीहरू **ममा रन्यौ र मेरा वचन तिमीहरूमा रहे** भने, **तिमीहरूले चिताएको जे पनि माग र त्यो दिइनेछ** । (८) तिमीहरू मेरा चेलाहरू हौ भनी देखाउन धेरै फल फलायौ भने, त्यसबाट मेरा पितालाई ठूलो महिमा मिल्नेछ । (९) “पिताले मलाई प्रेम गर्नुभएझैं, **मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । अब मेरो प्रेममा रहो** (यहिँ बाधिँनु हो) । (१०) **यदि** मेरा आज्ञा तिमीहरूले **मान्यौ** भने, **तिमीहरू** मेरो प्रेममा **रहेका हुन्छौ**, जसरी म आफैले पनि मेरा पिताको आज्ञा मानेर उहाँको प्ेरममा रहेको छु । (११) **मेरो आनन्द तिमीहरूमा रहोस् भनेर** मैले यी कुराहरू **तिमीहरूलाई भनेको छु, यसरी तिमीहरूको आनन्द पूर्ण हुनेछ** ।

**उहाँ**का मार्गहरु जान्न र हिड्नले महान् **आशिष्हरु र आनन्द** ल्याउँदछ ।

- लूका ११:२८ मत्ती ७:२४–२७ याकूब १:२५

परमप्रभुलाई **विश्वासयोग्यता** एकदमै मन पर्छ ।

- हितोपदेश २८:२० **विश्वसनिय** मानिसले **बेसरी आशिष्हरु** पाउनेछ ।

- लूका १२:४२–४४ तब प्रभुले जवाफ दिनुभयो, “त्यो **विश्वासनीय र बुद्धिमान् कारिन्दा** को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई नश्चित समयमा तिनीहरूका भाग पर्ने भोजन दिनलाई **खटाउनेछन्** ? (४३) मालिक फर्केर आउँदा त्यसै गरिरहेको भेट्टिने **नोकर**का निम्ति **भलाइ** हुनेछ । (४४) म तिमीहरूलाई साँचो भन्दछु, **तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्** ।

  - यो खण्डमा तपाईको मालिक र परमप्रभुबाट तपाईलाई दिइएको **काममा विश्वासयोग्य** रहनु उहाँलाई मन पर्छ ।

  - मत्ती २०:२५–२८, २५:२१, यूहन्ना १३:१५–१७

- लूका १६:१०-१२ “**जसलाई थोरै कुरामा भरोसा** गर्न सकिन्छ, त्यसलाई **धेरै कुरामा** पनि **भरोसा** गर्न सकिन्छ, अनि जो सानो कुरामा बेइमान् हुन्छ, त्यो धेरै कुरामा पनि बेइमान् हुन्छ । (११) त्यसैले यदि तिमीहरू सासांरिक धन चलाउने काममा **इमानदार** भएनौ भने, तिमीहरूलाई **साँचो धनका** निम्ति कसले भरोसा गर्ला ? (१२) अनि यदि तिमीहरू अरू कसैको धनमा **इमानदार** भएनौ भने, तिमीहरूलाई **तिम्रो आफ्नै धन** कसले देला र?

- तपाईलाई परमेश्वर प्रति , अरुहरु प्रति , आफै प्रति ...अझै विश्वासयोग्य हुने बाटो देखाउन **पवित्र आत्मा**सँग माग्नुहोस् ।

**परिश्रमी** र कडा मेहनतले आशिष्हरु ल्याउँछ ।

- उत्पत्ती ३:१७-१९ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, “किनकी तैले...रुखको फल खाएको...भूमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरि **दुःखसँग** त्यसको उब्जनी तैंले खानेछस् । (१८) त्यसले तेरो निम्ति काँढा र सिउँडीहरु उमार्नेछ , र तैंले खेतको सागपात खानेछस् । (१९) **तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस् ।**

  - काम चाहिँ “पहिलो मानिसको” अनाज्ञाकारिताको नतिजा हो । केही हदसम्म व्यक्तिले **कामलाई तिरस्कार** गर्‍यो भने उसले **नोक्सानी** ब्योहोर्नु पर्दछ र **गरिबीमा** जीवन बिताउनु पर्दछ ।

- हितोपदेश २२:२९ **आफ्नो काममा सिपालु** कुनै मानिसलाई तँ देख्छस् ? त्यसले राजाहरुका सामु सेवा गर्नेछ । त्यसले नचिनेका मानिसहरुको सेवा गर्नेछैन ।

- हितोपदेश ६:६-११ ए अल्छे, **कमिलाकहाँ गएर त्यसको चाल-ढङ्ग हेर् र बुद्धिमानी बन्** । (७) त्यसको अगुवा हुँदैन , हाकिम वा शासक हुँदैन ,(८) तापनि ग्रीष्म ऋतुमा त्यसको **अन्नको भण्डार तयार गर्छ** र कटनीको समयमा आफ्नो खानेकुरो सञ्चय गर्छ । (९) ए अल्छे , तँ कहिलेसम्म सुतिरहन्छस् ? तँ कहिले आफ्नो निद्राबाट जाग्छस् ? (१०) क्षणिक सुताइ र क्षणिक उँघाइले

हात बाँधेर केही बेरको आराम गराइले (११) **दरिद्रता** तँमाथि डाँकुझैं र अभावचाहिँ हतियार भिरेको मान्छेझैं आइलाग्नेछ ।

**उदार , दिने** हृदय **परमप्रभु**लाई मन पर्छ ।

- हितोपदेश ११:२५ **उदार मानिसको फलिफाप हुन्छ , अरुलाई** उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्नेछ । मर्कूस ९:४१
- हितोपदेश २२:९ **उदार मानिस**ले आफै पनि **आशिष् पाउनेछ** , किनभने त्यसले आफ्नो भोजन गरीबलाई बाँड्छ ।
- मत्ती ५:७ **धन्य** दयावन्तहरु , किनभने तिनीहरुले दया **पाउनेछन्** ।
- मत्ती ६:२-४ यसकारण जब **तिमीहरु दान दिन्छौ** , तब आफ्ना सामु तुरही नबजाओ , जस्तो पाखण्डीहरुले सभाघरहरु र सडकहरुमा **मानिसहरुबाट प्रशंसा पाउनलाई** गर्दछन् । साँच्चौ , म तिमीहरुलाई भन्दछु , तिनीहरुले आफ्ना इनाम पाइसकेकाछन् । ३ तर जब तिमी दान दिँदछौं , तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस् । ४ तिम्रो दान गुप्तमा होस् , र गुप्तमा देख्नुहुने **तिम्रो पिताले तिमीलाई इनाम दिनुहुनेछ** ।
- मलाकी ३:१०-११ **सम्पूर्ण दशमांश** ढुकुटीमा ल्याओ , ताकि मेरो घरमा भोजन रहोस् । **यसमा मलाई जाँचेर हेर, "म स्वर्गका ढोकाहरु उघारेर पर्याप्त ठाँउ पनि नहुनेसम्मका आशिष् तिमीहरुमाथि बर्साउछु वा बर्साउँदिन,"** सर्वशक्तमान् परमप्रभु भन्नुहुन्छ । ११ "म तिमीहरुका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु , र तिमीहरुका बारीमा भएका दाखका बोटका फलहरु झर्नेछैनन् ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।
    - जब तपाईले आफ्नो ज्याला वा चेक प्राप्त गर्नुहुन्छ :
      **पहिलो** : **१०%** भन्दा ज्यादा **परमप्रभुको लागि** छुट्याउनु होस् ।
      **दोस्रो** : **१०% तपाईको बचतलाई** छुट्याउनु होस् ।
      **तेस्रो** : **१०%** आफ्नो भविश्यको लागि **लगानि** गर्नुहोस् ।

**चौथो** : आफ्नो आयको **७०% बाट घर खर्च चलाउनुहोस्** । **यसलाई कोशिस गर्नुहोस् । उहाँलाई तपाईको अगाडि प्रमाणित हुन दिनुहोस् ।**

अरुलाई **इज्जत** दिनुले परमप्रभुलाई खुशी बनाउँदछ ।

- रोमी १३:७ **जसलाई दिनु छ दिइहाल**– कर तिर्नु छ भने कर, राजस्व दिनु छ भने राजस्व, आदर गर्नु छ भने आदर, **इज्जत गर्नु छ भने इज्जत गर** ।
- हितोपदेश ३:९–१० आफ्ना **धन सम्पत्ति** र आफ्ना **सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर** , (१०) तब तेरा **ढुकुटीहरु पोखुन्जेल भरिनेछन्** , र तेरा भाडाँहरु **नयाँ मद्यले चुलिएर पोखिनेछन्** ।
- एफिसी ६:२–३ "**आफ्ना बाबु र आमाको आदर गर**"– जुन **प्रतिज्ञा**सहितको पहिलो आज्ञा हो– **(३) "अनि तिमीहरूलाई भलो होस् र पृथ्वीमा तिमीहरू दीर्घायु होओ ।"**
- १ पत्रुस ३:७ **हे पति हो**, त्यसै गरी आफ्ना **पत्नी**लाई कमजोर पात्र र जीवनका अनुग्रहका साझा उत्तराधिकारी सम्झिएर, **उनीहरूलाई आदर गर्दै** बुद्धिमानीसाथ उनीहरूसगँ बस र **तिमीहरूका प्रार्थना नरोकियोस्** ।

पापलाई घृणा गर्नु र धार्मिक जीवन जीउनुले आशिष्हरु ल्याउँदछ :

- मत्ती ५:६ **धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू**, किनकि तिनीहरू **तृप्त हुनेछन्** ।
- अन्जान नातेदारको जीवनलाई ध्यान दिनुहोस् : याबेशले इस्राएलका परमेश्वरको पुकारा गरे, "अहो, **तपाईंले मलाईं आशिष् दिएर मेरो प्रान्त फैलाइदिनुहोस्** । तपाईंका **हात** मसित रहेर मलाई **हानि**बाट बचाउनुहोस् र म कष्टबाट मुक्त रहन सकूँ ।" अनि **परमेश्वरले तिनको बिन्ती सुन्नुभयो** । १ इतिहास ४:१०

**किन ?** पद ९: याबेश आफ्ना दाजु–भाईहरु भन्दा **ज्यादा इज्जतदार** थियो , . . .

याकूब ५:१६ . . .**धार्मिक मानिस**को प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।

- हितोपदेश ३:७–८ आफ्नै नजरमा बुद्धिमान् नहोऊ , **परमप्रभुको भय मान्** र **दुष्कर्मलाई त्याग्** । (८) **यसले तेरो शरिरलाई स्वस्थ तुल्याउनेछ** र तेरो हड्डीको लागि **पोषण** दिनेछ ।

- हितोपदेश १३:२१ पापीहरुलाई दुर्भाग्यले लखेट्छ , तर **धर्मीको इनाम** नै **समुन्नति** हो ।

दुर्भाग्य वा समुन्नति – त्यो तपाई कै चुनाव हो ।

यदि तपाईले चाहानुभयो भने आशिषीत् र फलिफापको जीवन उपलब्ध छ ।

यो तपाईको निर्णय हो ।

यो चाहिँ तपाईलाई कुन चिज **धेरै महत्व** राख्छ र खोज्नुहुन्छ त्यसमा भर पर्छ ।

येशूले आफ्ना चेलाहरुलाई सोध्नुभयो : **तिमीहरु के खोजीरहेछौं ?** (यूहन्ना १:३८)

उहाँले हामी प्रत्यकलाई यहि प्रश्न सोधिरहनुभएको छ ।

हामीले आफुलाई गम्भीर भएर प्रश्न सोध्नुपर्दछ : **के म अहिले मानिसहरूको निगाह खोजिरहेछु, कि परमेश्वरको ?** अथवा **के म मानिसहरूलाई खुशी पार्ने प्रयास गरिरहेछु ?** यदि मैले अझसम्म पनि मानिसहरूलाई नै खुशी पार्ने प्रयास गरिरहको छु भने , म ख्रीष्टको दास हुने नै थिइनँ । गलाती १:१०

**संसारका थोकहरु पछ्याउनेहरुलाई खुशी** पार्न र प्रभाव पार्न र उनिहरुबाट स्वीकार प्राप्त गर्नलाई खोजी गर्नेहरु र प्रेरित भएकाहरुलाई **कडा चेतावनी** दिइएको छ ।

कसैले **तिमीहरूलाई** खोक्रा कुराले **धोका** नदेओस्, किनकि यिनै कुराहरूको कारण परमेश्वरको **क्रोध अनाज्ञाकारीहरू**माथि आउँछ । (७) **यसकारण उनीहरूसँग सहभागी नहोओ** । (एफिसी ५:६–७)

- यो सन्देश स्पष्ट छ : परमप्रभुको क्रोध "अनाज्ञाकारीताको छोराहरु" माथि आउँदछ । यदि कुनै विश्वासी यस्तो जीवन जीउछ भने त्यसले **निश्चयनै** परमप्रभुलाई **खुशी पार्न सक्दैन** र त्यो विश्वासीले धेरै **समस्याहरु** र **कठिनाईहरु**लाई र परमप्रभुको **अनुशासन**लाई सामना वा कटनी गर्नुपर्दछ ।
    - हितोपदेश ३:१२ किनभने जसलाई परमप्रभु प्रेम गर्नुहुन्छ उसैलाई नै उहाँले ताडना दिनुहुन्छ , जसरी बाबुले आफ्नो प्यारो छोरालाई ताडना दिन्छन् ।

गलाती ६:७–९ धोकामा नपर : परमेश्वरको ठट्टा हुँदैन । किनकि **मानिसले जे रोप्छ, त्यसैको कटनी गर्दछ ।** (८) जसले आफ्नो पापमय स्वभावलाई **खुशी पार्न** रोप्तछ, त्यसै पापमय स्वभावबाट त्यसले **सर्वनाशको कटनी गर्नेछ** , तर जसले **आत्माको लागि रोप्छ**, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ । (९) **भलाइ गर्नमा** हामी नथाकौं, किनकि यदि हिम्मत हारेनौं भने हामीले ठीक समयमा **फसल कटनी गर्नेछौं** ।

तसर्थ हामीलाई यो **कडा आज्ञा** छ :
१ यूहन्ना २:१५–१७ **ससांरलाई वा त ससांरमा भएका कुनै पनि थोकलाई प्रेम नगर** । यदि कसैले संसारलाई प्रेम गर्दछ भने, पिताको प्रेम त्यसमा रहँदैन । (१६) किनकि संसारमा भएका सबै थोक – पापपूर्ण मानिसको अभिलाषा, उसको आँखाको अभिलाषा र ऊसँग भएका र उसले गरेका कुराहरूको शेखी– पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन् । (१७) अनि **ससांर र त्यसका अभिलाषाहरू बितेर जान्छन्,** तर **परमेश्वरको इच्छाअनुसार गर्ने मानिस** सधैँको निम्ति जीवित रहिरहन्छ ।

यदि हामी सबैसँग प्रेरित पावलको जस्तै उद्देश्य भए राम्रो हुने थियो :

२ कोरन्थी ५:९–११ यसकारण हामी शारीरिक डेरामै रहौं अथवा यसदेखि टाढा रहौं, **हामीले उहाँलाई नै प्रसन्न पार्ने लक्ष्य** राखेका छौं । (१०) किनकि **हामीले यस शरीरमा हुँदा**, असल कि खराब जे गरेका छौं, त्यसको फल पाउनलाई हामी सबै **ख्रीष्टको न्यायआसनको** अगि उपस्थित हुनुपर्नेछ । (११) तब, परमेश्‍वरको डर मान्नु के हो भनी हामीले जानेका हुनाले, हामी मानिसहरूलाई मनाउँछौं । हामी जे छौं त्यो परमेश्‍वरलाई थाहा छ, अनि म आशा गर्छु कि तिमीहरूको विवेकलाई पनि थाहा नै होला ।

- यो यस्तो समय हो जो हामी छुटाउन सक्दौनौं – ख्रीष्टको न्याय आसन

हाम्रो **प्रभु येशू ख्रीष्ट**लाई असल गवाही बनेको मन पर्छ

दाउदको प्रार्थनाले यो कुरा दाउदले बुझेको देखाउँदछ र उ असिमीत आशिषीत् भएका थिए :

भजनसंग्रह ६७:१–२,७ परमेश्‍वरले **हामीप्रति अनुग्रह गरून्** र हामीलाई आशीर्वाद दिऊन्, अनि **आफ्नो मुहार हामीमाथि उज्ज्वल गरून्** । (**किन**) (२) र **तपाईंका मार्ग** पृथ्वीमा **प्रकट होस्** अनि तपाईंका **उद्धार** सबै जातिलाई थाहा होस् । (७) **परमेश्‍वरले हामीलाई आशिष् दिनुहुनेछ, र पृथ्वीका सबै सीमान्तले उहाँको डर मान्नेछन्** ।

- जति हामी आफुलाई “उहाँका मार्गहरु” र “उहाँको उद्दार” (जे उहाँले आफ्नो रगत क्रुसद्वारा बहाएर प्राप्त गर्नुभएको थियो) जान्न दिन्छौं त्यति उहाँले हामीलाई यस्तो गर्न सक्षम हुन आशिष् दिनुहुन्छ ।

- हामी इसाईहरुलाई यस संसारमा पुरा गर्न मिसन दिनुभएको छ । येशूले भन्नुभयो : पिताले मलाई पठाएझैँ, म पनि तिमीहरूलाई पठाउँदैछु ।” (यूहन्ना २०:२१ ) उहाँले शुरु गर्नुभएको काम पुरा गर्नलाई । किनकि म, मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हुँ ।” (लूका १९:१०)

**यहि नै हो जसले उहाँलाई खुशी बनाउँदछ** – कि हामी अरुहरुको लागि असल उदाहरण र गवाहि बन्न **धार्मिक** जीवन जीउनु र **उहाँ**ले जसलाई **प्रेम** गर्नुहुन्छ उसलाई प्रेम गर्नु – **मानिसहरु**

उहाँको राजदुतहरुल भएर **उहाँको काम**लाई पुरा गर्नुले **उहाँलाई खुशी** बनाउँछ ।

परमप्रभुले पहिले अब्राहामलाई , र उहाँका जाति इस्राएललाई राष्ट्रहरुमा उहाँको गवाहि हुन, सु–समाचारको अतभुद सन्देशलाई मानिसहरुलाई सुनाउन चुन्नुभयो । (गलाती ३:८)

अब्राहाम **मुर्तिपुजा गर्ने र अन्यजातिको संस्कृति** कल्दीहरुको ऊरमा बस्तथे (उत्पत्ती ११:२८) । परमप्रभुको गवाहि बन्नलाई उनलाई **आफु रहेको संस्कृति** छोड्न र परमप्रभुलाई मन पर्ने **मार्गहरु** सिक्न **बोलाउनुभयो** ।

परमप्रभुले हरेक विश्वासीहरुलाई आफु रहेको सस्कृतिबाट निस्कन बोलाउनुभएको छ ।

उत्पत्ती १२:१–४ परमप्रभुले अब्रामलाई भन्नुभयो , "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउछु त्याहाँ जा (२) "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु , र **तँलाई आशिष् दिनेछु** । म **तेरो नाउँ प्रसिद्ध गराउनेछु** (अरुहरुको निगाह प्राप्त गर्ने) , र तँ आशिष्को मूल हुनेछस् । (३) **तँलाई आशिष् दिनेहरुलाई म आशिष् दिनेछु** (इस्राएललाई आशिष् दिनुहोस् र तपाईले आशिष् पाउनुहुनेछ) , र तँलाई सराप दिनेहरुलाई सराप दिनेछु । **तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछ** (यहि नै उहाँको मिसन थियो : आशिष् पाउनलाई आशिष् दिनु । र येशू ख्रीष्ट अब्राहामको परिवारबाट आउनुभयो, पृथ्वीका सबै परिवारहरुको लागि **महान्** आशिष् ) । (४) यसैकारण परमप्रभुले भन्नुभए बमोजिम अब्राम **गइहाले** ।

अब्रामले **आज्ञापालन गरे** र **अन्यजातिको संस्कृति**लाई **छोडे** , र **आशिष्हरु आउन शुरुभयो** :

उत्पत्ति २२:१२ उनले भने , "तेरो हात त्यस केटामाथि नउठा , र त्यसलाई केही नगर् । अब **मैले थाहा पाँए तँ परमेश्वरसँग डराउँदोरहेछस्** , किनकी तेरो छोरो , तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर **राखिनस्** । (१६) र भन्नुभयो , ... तेरो एउटा छोरालाई पनि मबाट **नरोकेकोले म निश्चय नै तँलाई आशिष् दिनेछु** ।

म तपाईलाई उत्साह दिन्छु – **उहाँ**बाट **केही पनि नलुकाउनुहोस्** ।

यसको अर्थ सबैभन्दा पहिला **तपाई नै** हो ।

**तपाईलाई मोल तिरेर किनिएको हो** (१ को. ६:२०) **बहुमुल्य रगतले छुटकारा दिइएको छ** (१ पत्रुस १:१८) ।

"**अब्राहामका सन्तानहरु**" जस्तै (रोमी ४:११–१२) उहाँले "**तपाईलाई आशिष्** दिनुहुन्छ ताकि तपाई आशिष् बनुन्" **जब** तपाई **संसारको संस्कृतिबाट बाहिर आउने** उहाँको बोलावटको प्रतिउत्तर दिएर आज्ञापालन गर्नुहुन्छ । उहाँले तपाईलाई लिएर जाने देश चाहिँ परमेश्वरको राज्य हो । त्याहाँ हामी राज्यको मार्गहरुनुसार हिड्यो भने असिमीत आशिष्हरु बहनेछ ।

द्यधपी , समय बित्दै जादा , अब्राहामद्वारा बनिएको देशले उहाँ अगाडि र उहाँको लागि मन पर्ने तरिकाले हिडेनन् । र परमप्रभुको जातिले आफैलाई **गरिबीको दास र अन्यजाति संस्कृति** मिश्रको **बन्धनमा** पाए ।

- तपाईलाई यस्तो हुन नदिनुहोस् !

र परमप्रभुले उनिहरुलाई बोलाउनुभयो र त्यो संस्कृतिबाट उनिहरुलाई उहाँका मागहरु **सिकाउन** र उनिहरुलाई **आशिष् दिन** निकाल्नुभयो , उनिहरुलाई अरु जातिहरुको लागि गवाहिहरु बनाउदै । द्यधपि , तिनीहरुले बिद्रोह गरे र यस संसारको रितीनुसारको चिरपरिचित **संस्कृतिमा** नै फर्कन चाहे ।

१ कोरन्थी १०:१–१३ किनकि हे भाइ हो, तिमीहरू यस घटनादेखि अन्जान रहो भनी म चाहन्नँ, कि हाम्रा पुर्खाहरू बादलमुनि थिए अनि तिनीहरू समुद्रबीच भएर गए ।

(२) तिनीहरू सबै बादल अनि समुद्रमा मोशामा बप्तिस्मा भए । (३) तिनीहरू सबैले एउटै आत्मिक भोजन खाए, (४) अनि एउटै आत्मिक पानी पिए , किनकि तिनीहरूले त्यस आत्मिक चट्टानबाट पिए जो तिनीहरूसँगै हिँड्नुभयो, अनि त्यो चट्टानचाहिँ ख्रीष्ट हुनुहुन्थ्यो । (५) तरै पनि, परमेश्वर तिनीहरूमध्ये धेरैसित **प्रसन्न नहुनुभएकोले** तिनीहरूका शरीर उजाड–स्थानमै छरपष्ट भए । (६) अब हामीले आफ्ना हृदयहरू तिनीहरूले झैँ **दुष्ट कुराहरूमा नलगाऔं** भनेर यी कुराहरू **हाम्रा उदाहरणको निम्ति** नै घटेका थिए । (७) तिनीहरूमध्ये कतिझैँ **मूर्तिपूजक** नबनू जस्तो लेखिएको छः "मानिसहरू **खान** र **पिउन**लाई बसे अनि गैर–यहूदीझैँ **आमोदप्रमोद गर्न**लाई उठे ।" (८) तिनीहरूमध्ये कति **व्यभिचारमा** परे अनि एकै दिनमा तेईस हजार मरे । तर हामी त तिनीहरू जस्ता हुनुहुँदैन । (९) तिनीहरूमध्ये कतिले **परमेश्वरलाई जाँचे** र तिनीहरू सर्पद्वारा मारिए । तर हामी त तिनीहरू जस्ता हनु हुदैन । (१०) तिनीहरूमध्ये कतिले **गनगन** गरे अनि तिनीहरू नाश गर्ने दूतद्वारा मारिए । तर हामी त त्यस्ता हुनुहुँदैन । (११) **यी कुराहरू तिनीहरूमाथि नमूनास्वरूप** घटे अनि **हाम्रो चेतावनीको लागि लेखिए,** किनकि हामीमा यस युगको अन्त्य आइसकेको छ । (१२) यसकारण, यदि तिमीहरूले **आफू दृढतासाथ खडा भएका छौ भनी सम्झन्छौ भने,** लडौंला कि भनी **होशियार भई बस** । (१३) मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरू परीक्षा तिमीहरूमाथि आइपरेको छैन, अनि परमेश्वर विश्वासयोग्य हुनुहुन्छ जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखि बाहिरको परीक्षामा पर्न **दिनुहुनेछैन** । तर जब तिमीहरूमा परीक्षा आइपर्छ, तब उहाँले तिमीहरूलाई **त्यसबाट उम्कने बाटो पनि दिनुहुनेछ** जसमा कि **तिमीहरू खडा रहन सक** ।

- यो खण्ड र नयाँ नियमको साथ पूरानो नियमहरु हाम्रो गल्तीहरु वा पापहरुबाट सिक्ने होइन तर **उनिहरुको गल्तीहरु** र पापहरुबाट **हामीले सिकौं** भनि लेखिएको थियो ।

- यदि तपाई "परमप्रभुको अगाडि मन पर्ने तरिकाले हिड्न" र उहाँको निगाह र आशिषहरुको इच्छा गर्नुहुन्छ भने तपाईले पूरानो नियम पनि पढ्न र बुझ्नन् आवश्यक छ । म तपाईहरुलाई एक वर्षमा वा त्यो भन्दा कम समयमा भए पनि बाइबल उत्पत्ती देखी प्रकाश सम्म पढ्न उत्साह दिन्छु ।

- ४०० वर्ष सम्म इस्राएल देश मिश्रमा दासहरु झै दासत्वमा रहेका थिए । उनिहरु **मिश्रको संस्कृतिमा** डुबेका थिए र त्यहि मात्र उनिहरुले जान्दथे । जब परमप्रभुले उनिहरुलाई त्याहाँबाट निकाल्नुभयो उनिहरुको मनलाई **परमेश्वरको राज्यको संस्कृतिमा** (रोमी १२:१) र परमप्रभुको मार्गहरुको **नविकरण गर्न अति आवश्यक** थियो । **त्यो मार्गहरु जो उहाँलाई खुशी पार्न र उहाँको निगाह र आशिष्हरु प्राप्त गर्न** ।

- यो **एकदमै** महत्वपुर्ण थियो कि परमप्रभु स्वयंले ढुङ्गाको पाटिहरुमा धेरै महत्वपूर्ण दश आज्ञाहरु उनिहरुको लागि उनिहरुले पछ्याओस् भनि लेख्नुभएको थियो ।

- यो चित्रण हाम्रोसँग मिल्छ । **हामी पनि यहि संसारको रितीनुसारको संस्कृतिमा** हुर्किन्छौं र जीउछौं र यहि संसारको मार्गहरुलाई समान्य र सहि हो भनि स्वीकार्न हाम्रो मनहरु बनाएको छ । त्यहाँ एउटै मात्र समस्या छ , यी **धेरै किसिमका संसारका संस्कृतिहरु सबै** *"यस संसारको राजकुमार"* शैतानको अधिनमा छ ।

    - १ यूहन्ना ५:१९ ...र सारा संसार दुष्टको नियन्त्रणमा परेको छ ... ।

    - एफिसी २:१–४ विगतमा तिमीहरू त आफ्ना पाप र अपराधहरूमा मरेका थियौ, (२) जब तिमीहरू **यस संसारको रीतिअनुसार, आकाशको शक्तिको मालिकअनुसार**, अहिले अनाज्ञाकारीताका सन्तानहरूमा काम गर्ने आत्माअनुसार **चल्दथियौ** । (३) **हामीहरू** पनि तिनीहरू जस्तै हाम्रा पापमय स्वभावको लालसा पूरा गर्दै अनि यसका इच्छा र विचारहरूलाई पछ्याउँदै **जिउने गर्दथ्यौं** । उनीहरू जस्तै , हामीहरू पनि स्वभावैले क्रोधका सन्तान थियौं । (४) तर हामीहरूको निम्ति उहाँको महान् प्रेमको कारण, करूणाका धनी, परमेश्वरले,

- **येशूले** पत्रुसलाई भन्नुभएको शब्दहरुले यो देखाउँदछ कि यस संसारको धेरै जसो सोचहरु शैतानबाट प्रभावित छन् ।

मत्ती १६:२३ येशूले फर्केर पत्रुसलाई भन्नुभयो, “ए शैतान, टाढा भागीजाँ तँ मेरो लागि ठेस लाग्ने कारण होस् । **तेरो मनमा परमेश्वरका कुरा होइन, तर मानिसहरूका कुरा छन् ।**”

पत्रुसले येशूलाई आफ्नो जीवन अरुहरुको लागि नदिन वा अरुहरुको लागि कष्ट नभोग्न भनिरहेका थिए । उनको सोच आफैमा केन्द्रीत सोच थियो – आफैलाई बचाउनुहोस् अरुलाई होइन ।

मत्ती १६:२४–२५ तब येशूले चेलाहरूलाई भन्नभुयो, “यदि कोही मेरोपछि आउने इच्छा गर्छ भने, त्यसले **आफैलाई इन्कार गरोस्** र **आफ्नो क्रूस** उठाएर **मलाई पछयाओस्** । २५ किनकि जसले **आफ्नो प्राण बचाउने इच्छा गर्छ त्यसले त्यो गुमाउनेछ** , तर **जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ त्यसले त्यो पाउनेछ** ।

- जबसम्म हामी “**संसारका मार्गहरु**” मा जीउछौं र स्वीकारछौं भने हामी **शैतानलाई मौका दिन्छौं** र उसको काम नै हरेक तरिकाले “चोरी , हत्या र नष्ट” गर्नु हो (यूहन्ना १०:१०) । र हामी हाम्रो जीवनमा परमेश्वरबाट आउने **पुरै आशिष्हरु**बाट **बन्चित हुन्छौं** ।

    - जसरी ट्रोजनहरु धोखामा परेका थिए र उनीहरुले “ट्रोजन घोडा” जो पुरै ग्रीक लडाकुहरुले भरिएको थियो त्यसलाई उनीहरुको शहर भित्र गुडाएर ल्याएका थिए , यस्तो लाग्छ कि धेरै विश्वासीहरुले पनि यस्तै गछनर् । उनीहरुका मनमा लडाकुहरुलाई ल्याउछन् जो यस संसारका रितीको शैतानहरु हुन् । यस संसारको मार्गहरुलाई अपनाएर आफ्नो घरमा भित्राउछन् ।

- जसरी शैतानले येशूलाई परिक्षामा पारेका थिए त्यसरी नै **तपाईलाई** उसले **परिक्षा**मा पार्न सक्छ । द्‌यधपी, जबसम्म हाम्रो मनहरु “संसारका मार्गहरुमा” मन लगाउछौं **उसले** हामीलाई **परिक्षामा पार्नुपर्दैन** किनकी हामीले आखाँ चिम्लेर उसको “फराकिलो” र सजिलो बाटो सबैसँग पछ्याउछौं दु:खको लागि , मुटु दुखाईको लागि , कष्टहरुको लागि , गरिबीको लागि र सबै किसीमका समस्याहरुको लागि ।

- येशूले भन्नुभयो : “साँघुरो ढोकाबाट भित्र पस । किनकि विनाशमा पुऱ्याउने ढोका **फराकिलो र बाटो चौडा हुन्छ अनि धेरैले त्यसबाट प्रवेश गर्छन्** । १४ तर जीवनमा पुऱ्याउने ढोका सानो र बाटो  साँघुरो छ अनि **थोरैले मात्र त्यो भेट्टाउनेछन्** । (मत्ती ७:१३–१४)

- याद गर्नुहोस् , **येशूले हरेक परिक्षालाई संसारको मार्गहरुलाई सामान्य सोच** भन्ने शैतानका **तर्कपुर्ण** प्रस्तुतीकरणलाई त्यसको विपरित धर्मशास्त्रका पदहरुले **उत्तर दिनुभयो** । यस्तो किसिमको दक्षता परिक्षाको समयमा हामीलाई पनि आवश्क पर्दछ ।

- **येशू** “स्वर्गको राज्यको मार्गहरु” अनुसार जीउनुभयो र **हामीले पनि यस्तै जीवन जीउनु पर्छ** यदि हामी “परमेश्वरलाई खुशी” पार्न र आशिषीत जीवनको र फलिफापको जीवन चाहानछौं भने ।

- यदि हामीले उहाँलाई खुशी पार्न चाहान्छौं भने हामीले **हाम्रो मनहरुलाई स्वर्गको राज्यको संस्कृतिमा नविकरण गर्न अति आवश्यक** छ ।

- २ कोरन्थी ६:१३–१८ म तिमीहरूलाई आफ्नै बालकहरूलाई जस्तै गरी भन्छु, . . . (१४) अविश्‍वासीहरूसित **एउटै जुवामा ननारिओ** । किनकि धार्मिकता र दुष्टताको **के समानता छ र** ? अथवा ज्योतिको अन्धकारसित **केको सङ्गति हुन्छ र** ? (१५) ख्रीष्ट र शैतानको के मेल हुन्छ र ?(त्याहाँ शान्ति हुदैँन जब विश्वासी संसारको मार्गनुसार जिउँछ ) एक जना विश्‍वासी अनि अविश्‍वासीमा **के समानता** हुन्छ र ? (१६) परमेश्‍वरको मन्दिर र मूर्तिको के **सम्झौता** हुन्छ

र ? किनकि **हामी जीवित परमेश्वरका मन्दिर** हौं (र यो मन्दिर आराधाना गर्न र गवाहि दिन सृजिएको हो) । परमेश्वरले जसरी भन्नुभएको छः **"म** तिनीहरूसँग बस्नेछु, अनि तिनीहरूसित हिँड्डुल गर्नेछु, अनि म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू **मेरा प्रजा** (प्रस्थान २९:४५, लेवी २६:१२) हुनेछन् ।" (१७) "यसकारण **तिनीहरूका बीचबाट निस्किआओ अनि अलग होओ,** परमप्रभु भन्नुहुन्छ । **अशुद्ध थोक नछोओ** (यशैया ५२:१०–११), अनि **म तिमीहरूलाई ग्रहण गर्नेछु** ।" (१८) "म तिमीहरूका बाबु हुनेछु अनि तिमीहरू मेरा **छोराछोरीहरु** हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"

- o हामी संसारका छोराछोरीहरु जस्तो हुनुहुदैन **तर** स्वर्गको पिता र येशू ख्रीष्टको छोराछोरी **जस्तै** हुनुपर्दछ ।

- २ कोरन्थी ७:१ प्रिय मित्रहरू हो, हामीहरूसित **यी प्रतिज्ञाहरू भएकाले,** परमेश्वरप्रति श्रद्धा राखेर **पवित्रता**लाई सिद्ध तुल्याउँदै शरीर र आत्मालाई **अशुद्ध पार्ने प्रत्येक थोकदेखि आफैलाई शुद्ध राखौं** (नैतिक शुद्धता ) ।

- र , जसरी यर्मियाले भने , **अन्यजातिहरुका मार्ग नसिक** , . . . (३) किनकी मानिसहरुका **संस्कृतीहरु** बेकामका छन् (मुल्यहीन , खालि , ब्यर्थ ) । यर्मिया १०:१–३

लेवी १८:१–४ परमप्रभुले मोशालाई भन्नुभयो , (२) इस्राएलीहरूसित कुरा गरेर तिनीहरूलाई भन : "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ (३) **तिमीहरूले प्रवास गरेको** मिश्रीका रीतिथिति **नमान्नु** , अनि अब म तिमीहरूलाई **कनान** देशमा लैजाँदैछु. यसकारण **यहाँका रीतिथिति र विधिहरू पनि नमान्नू** (४) **तिमीहरूले मेरा विधि विधानहरू पालन गर्नू** अनि **मेरा हुकुमहरूअनुसार चल्नु**मा होशियार हुनू , म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

लेवी १८:६–३० मा **परमप्रभु**ले खास गरि विस्तृतरुपमा सबै प्रकारको **अनैतिक सम्बन्ध** जुन पूर्णरुपमा गर भनि बताइएको छ त्यसको बारेमा भन्नुभएको छ । तपाईले यि खण्डहरुको पढ्नुहोस् । यि पदहरु प्नि पढ्नुहोस् :

लेवी १८:२४–३० **तिमीहरूले यी कुराहरूमध्ये कुनैमा पनि आफैलाई अशुद्ध नतुल्याउनू** , किनकि तिमीहरूको सामुन्ने म जुन जातिलाई बाहिर धपाउँदैछु , तिनीहरू **यस्तै किसिमले अपवित्र भए** ( (२५) यो **देशसमेत अपवित्र भयो** , यसकारण मैले **तिनीहरूको पापको निम्ति तिनीहरूलाई दण्ड दिए** , अनि त्यस देशले आफ्ना देशवासीहरूलाई ओकलेर फालिदियो ।

(२६) तर **तिमीहरूले मेरा विधि विधान र आज्ञाहरू पालन गर्नू** । स्वदेशमा जन्मेका अथवा तिमीहरूसित बस्ने परदेशीहरूले **यस्ता घिनलाग्दा कामहरू– मध्ये कुनै पनि नगर्नू** , . . . (२८) अनि यदि तिमीहरूले देशलाई अपवित्र तुल्यायौ भन , त्यसले तिमीहरूभन्दा पहिलेका जातिहरूलाई उकेलेर फालिदिएझैं **तिमीहरूलाई पनि ओकलेर फालिदिनेछ** ।

- अनैतिकताको कारणले नै शताब्दीऔं देखि एउटा देश पछि अर्को देश खसिरहेको छ ।
- मैले एउटा पुरुषले यस्तो भनेको सुनेको थिए : *जुन कुरा एउटा पुस्ताले ठिकठाक मान्दछ , त्यहि कुरा त्यसपछि आउने पुस्ताले त्यहि कुरा धेरै लिदछँ* / बिल गोर्थाड
- मलाई यस्तो लाग्छ कि यहि नै जस्तो अमेरिकाममा भइरहेछ ।

(२९) "कसले यीमध्ये कुनै **घृणित काम** गयो भने त्यो आफ्ना मानिसहरूबाट **बहिष्कार गरिओस** ।

- **यसले यस्ता घृणित कामहरुको गम्भीरतालाई देखाउँदछ ।** "मानिसहरुबाट" बहिष्कार , **परमेश्वरबाट होइन** । उनिहरु ऋब देखि परमप्रभुको जातिबाटको होइन **किनकी** उनिहरु ऋब देखि धार्मिकताको गवाहि होइन तर परमेश्वर को हो भनि झुटो र गलत गवाहि दिन्छन् । संसारले इसाई जीवन जीउने शैलिलाई **देखावटी** भन्दछन् ।

o यसको नयाँ नियमबाट उदाहरण १ को. ५:१–१३ ।

(१८:३०) **मैले राखेका अनिवार्यताहरू पूरा गर्नू** , अनि तिमीहरू आउनभन्दा पहिले गरिएका घिनलाख्दा कामहरूको **अनसुरण नगर्नू** अनि तिमीहरूले त्यस्ता कुराहरूसित **आफैलाई अपवित्र** नतुल्याउनू । म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ ।

जब इस्राएलीहरु मिश्रबाट बाहिर निस्कने बित्तिकै **लेवी १९** ले परमप्रभुले भन्नुभएका केही महत्वपुर्ण विषयहरु भन्दछ जुनमा हामी एकदमै होशियार रहनु पर्दछ यदि हामी परमप्रभुबाट उहाँको **निगाह र आशिषहरु पाउन चाहान्छौं भने** ।

(१) परमप्रभुले मोशालाई भन्नुभयो, (२) "इस्राएलका सारा समुदायलाई भन् , **तिमीहरू पवित्र होओ , किनकि म परमप्रभु तिमीहरूका परमेश्‍वर पवित्र छु** ।

- पवित्र रहनुको अर्थ : संसारको संस्कृतिबाट अलग रहेर परमेश्वरमा अलग जीवन जीउनु हो । **उहाँ**को राजदुतहरु जस्तै ।

(३) तिमीहरू प्रत्येकले **आफ्ना आमाबाबुलाई आदर गर्नू** ।

(४) **मूर्तिहरूतिर नर्फकनू**

कलस्सी ३:५ यसकारण, जे पनि सांसारिक स्वभावका छन्, तिनलाई मार : व्यभिचार, अशुद्धता, कामुकता, दुष्ट इच्छाहरू अनि **लोभ, जो मूर्तिपूजा हो** ।

(११) "**तिमीहरूले चोरी नगर्नू ।**" "तिमीहरूले **झूट नबोल्नू** ।" "तिमीहरू एकले अर्कोलाई **धोखा** नदिनू ।" (१२) "तिमीहरूले **मेरो नाउँमा झूटा शपथ** खाएर आफ्ना परमेश्‍वरको नाउँ अपवित्र नतुल्याउनू । म परमप्रभु हुँ ।"

- हामी **उहाँ र उहाँको नाउँलाई** प्रतिनिधीत्व गर्छौं । जब हामी हाम्रो वचनहरु **राख्दौनौं** तब हामी उहाँ र हाम्रो नाउँ अपवित्र पार्छौं । र हामी उहाँको गवाहि हुने हाम्रो बोलावट र मिशनमा असफल हुन्छौं । र , हामी शैतानलाई मौका दिन्छौं । (एफिसी ४:२५–३२)

(१३) "तिमीहरूले आफ्ना छिमेकीलाई **थिचोमिचो नगर्नू अथवा नलुटल्नू** ।"
"तिमीहरूका ज्यालादारी मानिसको ज्याला रातीसम्म रोकी नराख्नू ।"

(१४) तिमीहरूले **बहिरालाई नसराप्नू** अथवा **अन्धा**को सामुन्ने **ठेस** लाख्ने कुरो नराख्नू , तर परमेश्वरको डर मान्नू । म परमप्रभु हुँ ।"

- "परमप्रभुको भय मान्नु" चाहिँ वास्तविकरुपमा आदर , डर र सम्मान हुनु हो ।

(१५) "तिमीहरूले **न्याय नबिगार्नू , गरीबलाई पक्षपात नगर्नू** अनि **धनीलाई विशेष कृपा नदेखाउनू** , तर आफ्ना छिमेकीको इन्साफ ठीकसित गर्नू ।"

- आज यदि कहि न्यायलाई बिर्गाछ भने त्यो चाहिँ अमेरिकामा हो ।
- यूहन्ना ७:२४ "केवल **मुख** हेरेर न्याय गर्न छोड, र **ठीक न्याय** गर ।"

(१६) आफ्ना मानिसहरूको बीचमा **बदनामीका कुराहरू** फैलाउँदै यताउति डुलिनहिड्नू ।" "**आफ्ना छिमेकीको जीवन खतरामा पर्ने किसिमको कुनै काम पनि नगर्नू ।** म परमप्रभु हुँ ।"

(१७) "तिमीहरूका दाजू-भाइलाई **आफ्नो हृदयमा घृणा नगर्नू । बरु आफ्नो छिमेकीलाई खुलस्त रूपले हप्काउनू र त्यसको दोषमा तिमीहरूको कुनै भाग नहोस् ।**

- १ यूहन्ना २:९-११ कसैले आफू ज्योतिमा छु भनी दावी गर्छ तर **आफ्नो दाज्यूभाइलाई घृणा** गर्छ भने, त्यो अझै पनि **अन्धकार**मा नै छ । (१०) जसले आफ्नो दाज्यूभाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा जिउँछ , र त्यसलाई ठेस पुर्‍याउने त्यसमा कुनै कारण रहदैँन । (११) तर जसले आफ्नो दाज्यूभाइलाई घृणा गर्छ , त्यो अन्धकारमा हुन्छ र अन्धकारमै यताउता हिँड्छ , त्यो कहाँ जाँदैछ त्यसलाई थाहा हुदैन , किनकि अन्धकारले त्यसलाई अन्धो तुल्याएको हुन्छ ।

- हामी हरेको "सत्यतालाई प्रेममा" भन्ने कर्तब्य छ (एफिसी ४:१५) र गलत र पापपूर्ण कुराहरुको चुनाव गर्नेहरुलाई सामना गर ।

- गलाती ६:१–२ भाइ हो, यदि कुनै मानिस पापमा पक्राउ पऱ्यो भने, तिमी जो आत्मिक छौ, तिमीहरूले नै उसको **नम्रतापूर्वक सुधार** गर । तर आफै पनि होशियारी बस, नत्रता तिमी पनि परीक्षामा पर्नेछौ । (२) एक अर्काको भार उठाओ, यसरी ख्रीष्टको व्यवस्था पूरा गर ।

फेरी लेवी १९ तर्फ फर्कौं :

(१८) "आफ्ना मानिसहरूको बिरुद्धमा **बदला** नलिनू अथवा डाह नगर्नू. तर आफ्ना छिमेकीलाई आफैलाई झैं **प्रेम** गर्नू । म परमप्रभु हुँ ।"

- १ पत्रुस ३:९–१२ दुष्टताको **सट्टा** दुष्टता **नगर** अथवा अपमानको सट्टा अपमान, तर **आशीर्वाद** देओ, **किनकि आशिष्को हकदार हुनलाई तिमीहरू यसैको निम्ति बोलाइएका हौ** । (१०) किनकि धर्मशास्त्रमा लेखिएको छ, "**जसले जीवनलाई प्रेम** गर्न र **असल दिनहरु** देख्न चाहन्छ, तिनले आफ्ना जिब्रोलाई खराबीबाट र आफ्ना ओठहरूलाई छलका बोलीबाट बचाउनुपर्दछ । (११) तिनले खराबीबाट **फर्केर असल गर्नुपर्दछ** , तिनले **शान्तिको खोजी गर्नुपर्दछ** र त्यसलाई पछ्याउनुपर्दछ । (१२) किनकि **परमप्रभुका आँखा धर्मीहरूमाथि** रहन्छन्, र **उहाँका कानहरूले तिनीहरूका प्रार्थनातिर ध्यान दिन्छन्,** तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ ।" (भजनसंग्रह ३४:१२–१६)

(२८) "तिमीहरूले मरेकाहरूको निम्ति आफ्ना शरीरलाई नकाट्नू अथवा **आफैमा खोपेको छापहरू** नबनाउनू । म परमप्रभु हुँ ।

- यस्ता कटाईहरु र चिहनहरु अन्यजाति धर्महरुसँग आबंद छन् । र यिनीहरु धेरै भारत र अन्य देशहरुको हिन्दु धर्ममा पाईन्छ ।

१ कोरन्थी ६:१९–२० **तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो** भनी के तिमीहरूलाई थाहा छैन, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पायौ, अनि जो

तिमीहरूभित्र हुनुहुन्छ ? **तिमीहरू आफै त आफ्नै होइनौ** (२०) तिमीहरू **दाम तिररे किनिएका हौ** । यसकारण, **आफ्ना शरीरद्वारा परमेश्वरको आदर गर ।**

लेवी १९:३१ “धामी–झाँक्रीजस्ता मध्यस्थहरूतिर ध्यान नदिनू ।” नता तन्त्र–मन्त्र गर्नेहरूलाई खोज्नू , किनकि तिनीहरूद्वारा तिमीहरू अपवित्र तुल्याइनेछौ । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

लेवी १९:३२ “बूढा–पाकाहरूका सम्मानमा उठ , प्रौडहरूप्रति आदर देखाउनू अनि तिमीहरूका परमेश्वरको अति आदर गर्नू । म परमप्रभु हुँ ।

लेवी २०:२३ **तिमीहरू मैले तिमीहरूको सामुन्नेबाट धपाइदिन आँटेको जातिहरूको रीतिअनुसार**
**नचल्नू । यसैकारण मैले तिनीहरूलाई घृणा गरें ।**

लेवी २०:२४–२५ , २६ तर मैले तिमीहरूलाई भनेको छु , “तिमीहरूले तिनीहरूको देश अधिकार गर्न पाउनेछौ । म त्यसलाई. अर्थात दूध र मह बग्ने देशलाई अधिकारस्वरूप तिमीहरूलाई दिनेछु । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ जसले **तिमीहरूलाई अरू जातिहरूबाट अलग गरेको छु** । (२५) “यसकारण तिमीहरूले शुद्ध र अशुद्ध पशुहरूको बीचमा अनि शुद्ध र अशुद्ध पक्षीहरूको बीचमा **भिन्नता राख्नुपर्छ** । जमिनमा हिँड्ने अनि मैले तिमीहरूको निम्ति अशुद्ध भनी अलग गरेको जुनै पनि पशु अथवा पक्षी केही कुराद्वारा तिमीहरूले आफैलाई अशुद्ध नतुल्याउनू ।” (२६) **तिमीहरू पवित्र हनुपर्छ** किनकि म परमप्रभु , पवित्र छु अनि **मैले तिमीहरूलाई मेरो आफ्नै बनाउनलाई अरू जातिहरूबाट अलग गरें** ।

हाल्लेलुयाह ! येशू प्रभुलाई धन्यबाद ।

साचौं विश्वासीको लागि – हामी मध्ये कसैको लागि – यि मध्ये वा अरु कुनै पाप गरेमा , **यो अनन्त जीवनसँग सम्बन्धीत छैन** । जसले येशू ख्रीष्टलाई विश्वास गर्छ र स्वीकार गर्छ उनीहरुलाई अनन्त जीवन निशुल्क उपहार हो ।

यो सबै “**परमेश्वरलाई खुशी**” बनाउने कुरा हो र शैतानलाई मौका दिने होइन ।

- रोमी ४:६–८ **कर्मविना परमेश्वरले धर्मी ठहराउनुहुने मानिसलाई** दाऊद पनि **धन्य**को मान्दछन्: (७) "**धन्य** हुन् तिनीहरू **जसका पाप क्षमा भएका छन्, जसका पाप धोइएका छन्** । (८) **धन्य** हो त्यो मानिस जसको पापको **लेखा परमेश्वरले कहिल्यै गर्नुहुन्न** ।"

कुनै पनि पाप वा पापहरु जुन हामीले गरेका छौं हामीले १) त्यो गर्न **रोक्नुपर्छ** र **त्यसबाट फर्कनुपर्दछ** र २) **त्यो पाप** वा यस्ता पापहरु जो स्वर्गका **पिता वा येशू ख्रीष्ट** प्रति गरेका पापहरुलाई **स्वीकार्नु पर्दछ** ।

- १ यूहन्ना १:९–१० यदि **हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं** भने, **पापहरू क्षमा गरिदिन उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ अनि हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ** । (१०) यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भनेता, हामीले उहाँलाई झूटा तुल्याउँछौं र हाम्रो जीवनमा उहाँको वचन रहँदैन ।

---

धर्मशास्त्रमा अनगिन्ती पदहरु छन् जसले **परमेश्वरलाई मन पर्ने रितीले जीवन जीउने व्यक्तिलाई धेरै आशिष्हरु** आउदँछ भनि भन्दछ ।

हिब्रू १३:२०–२१ ..., प्रभु येशूलाई मरेकाबाट जीवित पार्नुहुने शान्तिको परमेश्वरले, (२१) **उहाँको इच्छा पूरा गर्नलाई हरेक असल थोकले तिमीहरूलाई सुसज्जित पारून्** । येशू ख्रीष्टलाई नै सदासर्वदा महिमा होस् भनेर येशूद्वारा **उहाँलाई मनपर्ने कामहरू उहाँले हामीमा गरून्** । आमेन ।

१ यूहन्ना ३:२२ अनि हामीले **जे माग्दछौं**, सो उहाँबाट **पाउँदछौं, किनकि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं र जुन कुराले उहाँलाई प्रसन्न तुल्याउछँ , त्यही गर्दछौं** ।

यहोशू १:७–९ **बलियो र अति साहसी** हो । मेरो दास मोशाले तँलाई आज्ञा गरेअनुसार सबै व्यावस्था **पालना गर्** । त्यसबाट दाहिने वा देब्रे **नफर्कनू** , र **तँ जहिँ गए पनि**

**सफलता पाउनेछस्** । (८) व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस् , तर त्यस माथि तैंले दिनरात **ध्यान गर्नू** अनि त्यसमा लेखिएका **सबै** कुरा होशियार साथ पालना गर्नू , **र तेरा सबै मार्गहरुमा तैंले उन्नति गर्नेछस् र सफलता पाउनेछस्** । (९) तँलाई मेरो आज्ञा छ बलियो र खुबै साहसी हो , नडरा , निराश नहो , किनकी तँ जहाँ गए पनि , परमप्रभु तेरा परमेश्वर , तेरो साथमा हुनुहुनेछ ।

**अब्राहामको आशिष्हरु** : व्यबस्था २८ ...(२) **यदि** तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको **आज्ञा पालन ग–यौ भने, यी सबै आशिष्** तिमीहरूमाथि पर्नेछन् र तिमीहरूसित रहिरहनछन् ।

- अब्राहामका सबै आशिष्हरु उनिहरुलाई पनि हो जो अब्राहामको विश्वासको डर राख्दछ , जो हामी सबैका पिता हो , (रोमी ४:१६–१७)

- ब्यवस्था २७:१५–२६ मा लेखिएका **स्रापहरु** हामीमा आउदँछ जब हामी **संसारका मार्गहरु** बोमजिम जीउने **प्राथमिकता** र **चुनाव** गर्छौं , “दुष्टबाट” निर्माण गरिएको यस्तो संस्कृति जो “हत्या , चोरी र नष्ट” गर्न बनाएको थियो ।

जसरी जवान मोशाले गरेका थिए त्यसरी नै हामीले गर्नु पर्दछ :

हिब्रू ११:२५–२८ पापको सुख केही समयसम्म भोग्नुभन्दा तिनले परमेश्वरका जनहरूसित थचोमिचोमा पर्न **रोजे** । (२६) **मिश्रदेशको धन–दौलतभन्दा ख्रीष्टको निम्ति निन्दित** (आलोचना वा तिरस्कार) **हुन तिनले बढ्ता मूल्यको सम्झे**, किनकि तिनले त आफ्नो दृष्टि प्रतिफलतिर लगाएका थिए । (२७) **विश्वासैद्वारा** राजाको (एक किसीमको शैतान) रीसको डर नमानी **मिश्रदेशलाई त्यागे** (त्यो संस्कृती र त्यसका मार्गहरु) किनकि अदृश्य हुनुहुनेलाई देखीकन तिनी **स्थिर** रहे । (२८) नाश गर्नेले इस्राएलको जेठोलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार–चाडको विधि पालन गरेर रगत छर्के ।

जसरी यहोशूले गरे हामीले पनि निर्णय लिनुपर्दछ :

तर यदि परमप्रभुको सेवा गर्न तिमीहरुलाई मन पर्दैन भनेता **तिमीहरुले कसको सेवा गर्ने आजै तिमीहरुले रोज** – कि तिम्रा पिता–पुर्खाहरुले यूफ्रेटिस नदी पारि पुजेका देवताहरु कि तिमीहरु अहिले बसेका देशका एमोरीहरुका देवताहरु । **तर म र मेरो घरानाले परमप्रभु कै सेवा गर्नेछ** । यहोशू २४:१५

जसरी अब्राहामले गरे हामीले पनि गर्नु पर्दछ :

हिब्रू ११:९–११ विश्वासैद्वारा **अर्को दशे मा परदेशीझैं भएर तिनी प्रतिज्ञाको देशमा रहे**, . . . ।

(१०) **किनकि तिनले त स्थाई जग भएको शहरलाई हेरिरहेका थिए**, जसको **शिल्पकार र निर्माता**

**परमेश्वर नै हुनुहुन्छ** । (११) विश्वासैद्वारा, अब्राहाम वृद्ध अनि सारा बाँझी भए तापनि तिनी पिता हुनसके किनकि प्रतिज्ञा दिनुहुने विश्वासयोग्य हुनुहुन्छ भनी तिनले विचार गरे ।

कसरी परदेशमा जीउनु पर्दछ भन्ने जस्तो हाम्रो उदाहरणहरु :

हिब्रू ११:१३–१६ यी सबै मानिसहरू मृत्युसम्म विश्वासैमा बाँचेका थिए । तिनीहरूले **प्रतिज्ञा** गरिएका कुराहरू पाएनन् तर टाढैंबाट देखे र स्वागत गरे । **तिनीहरू यस संसारमा बिराना र परदेशी हुन् भनी तिनीहरूले मानिलिए ।**

(१४) **यस्ता कुराहरू गर्ने मानिसहरूले आफ्नै देशको प्रतीक्षा गरिरहेका** देखाउँछन् । (१५) यदि तिनीहरूले आफूले छाडेर आएको देश नै सम्झिरहेको भए, तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो । (जसरी आजको विश्वासीहरुले गर्दछन्) (१६) यसको सट्टामा, **तिनीहरूले त अझ उत्तम देश अर्थात् स्वर्गीय देशको प्रतीक्षा गरिरहेका थिए । यसकारण परमेश्वर तिनीहरूका परमेश्वर हुँ भन्न शर्माउनुभएन, किनकि उहाँले तिनीहरूको निम्ति एउटा शहर तयार गरिदिनुभएको छ ।**

फिल्लीपी ३:१७–२० भाइ हो, मेरो अनुकरण गर्ने काममा अरूसँग मिल, र हामीले तिमीहरूलाई दिएका

नमूनाअनुसार जिउनेहरूमाथि ध्यान देओ । (१८) किनकि, मैले तिमीहरूलाई पहिले धेरैपल्ट भनेझैं अहिले रुँदै फेरि भन्दछु , धेरै मानिसहरू ख्रीष्टको क्रूसका **शत्रुहरू**जस्तै

गरी जिउँछन् । (१९) तिनीहरूको अन्त्य विनाश हो, तिनीहरूको ईश्वर तिनीहरूकै पेट हो, तिनीहरूको गर्व तिनीहरूकै शर्ममा छ । तिनीहरूको मन संसारका कुराहरूमा छ । (२०) तर **हाम्रो नागरिकता स्वर्गमा छ** । अनि **हामीले त्यहाँबाट आउने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको उत्कट प्रतीक्षा गदछौं ।**

तसर्थ हामीमा पनि हाम्रो उद्देश्य भए जस्तै , . . .

उहाँलाई खुशी पार्ने जीवन जीउने तरिकाले । (२ कोरन्थी ५:९)

याकूब १:२२–२५ वचन सुनेर मात्र आफै लाई धोका नदेओ । **यसले के भन्छ सो गर** । . . . (२५) तर जसले स्वतन्त्रता दिने व्यवस्थालाई ध्यानसित हेर्छ र आफूले सुनेको कुरालाई नबिर्सी गरिरहन्छ, तब **त्यसले गरेको काममा त्यसले आशिष् पाउँछ** ।

३ यूहन्ना २ प्रिय मित्र, **म प्रार्थना गर्दछु** कि जसरी **तिम्रो आत्माको उन्नति भएको छ**, त्यसरी नै **तिमी स्वस्थ बस** र सबै कुरामा तिमीलाई भलो होस् ।